खण्डः८ संख्याः२ २०८१ पुष २३ गते

# खडक नगरपालिका सप्तरीको

## शैक्षिक संस्था अनुदान व्यवस्थापन कार्यविधि २०८१

खडक नगरपालिका स्थानीय राजपत्र

खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

कल्याणपुर,सप्तरी

मधेश प्रदेश

## शैक्षिक संस्था अनुदान व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१

**प्रमाणिकरण मितिः२०८१/०९/२३**

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०९/२३**

**प्रस्तावनाः**

सामुदायिक विधालय तथा शैक्षिक संस्थाहरूमा नेपाल सरकार,प्रदेश सरकार तथा नगरपालिका बाट उपलव्ध हुने अनुदानको आधार तय गर्न,अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा शैक्षिक संस्थाहरूको वितिय सुशासन,पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई समयसापेक्ष शिक्षाको प्रत्याभुतिका लागि सहजीकरण गर्न आवश्यक देखिएकोले खडक नगरपालिका नगर शिक्षा ऐन,२०७६ ले दिएको अधिकार प्रयोग गरि नगरपालिकाबाट सामुदायिक शैक्षिक संस्था अनुदान व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१ जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नामः**"शैक्षिक संस्था अनुदान व्यव्स्थापन सम्बन्धि कार्यविध २०८१"** रहेको छ ।

१.२ यो कार्यविधि खडक नगर नगरपालिकामा संचालनमा रहेका सम्पूर्ण सामुदायिक शैक्षिक संस्थाहरूमा लागु हुने गरी तुरन्त प्रारम्भ हुने छ ।

**(१.२) परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा**

१.२.१ **"नगरपालिका"** भन्नाले खडक नगरपालिकालाई जनाउनेछ।

१.२.२ **"सभा"** भन्नाले खडक नगरपालिकाकको नगर सभालाई जनाउनेछ ।

१.२.३ **"नगर कार्यपालिका"** भन्नाले खडक नगरपालिकाको कार्यपालिकालाई जनाउनेछ।

१.२.४ **"प्रमुख"** भन्नाले खडक नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

१.२.५ **"उपप्रमुख"** भन्नाले खडक नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

१.२.६ **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

१.२.७ **"शाखा"** भन्नाले खडक नगरपालिकामा रहेको शिक्षा,युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

१.२.८ **"शैक्षिक संस्था"** भन्नाले यस खडक नगरपालिका भित्र संचालित सामुदायिक तथा निजि बिद्यालय,क्याम्पस तथा मदर्सालाई जनाउने छ ।सो शब्दले नगर क्षेत्र भित्र शैक्षिक गतिविधि सञ्चालन गर्नेगरी दर्ता भएको संस्थाहरू समेतलाई जनाउनेछ ।

खडक नगरपालिका स्थानीय राजपत्र

१.२.९ **“सर्सत अनुदान”** भन्नाले शैक्षिक संस्थाहरूलाई दिईने शिक्षक तलब भता शैक्षिक संस्था कर्मचारीहरको तलब भता निशुल्क पाठ्यपुस्तक,शैक्षिक संस्था व्यवस्थापान खर्च,छात्रवृतिलाई तथा शैक्षिक संस्थालाई शिर्षक तोकी दिइने विभिन्न भौतिक सुधारका अनुदानलाई जनाउँछ।

१.२.१० **“एकमुष्ठ अनुदान”** भन्नाले भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका र भविष्यमा शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदान नलिने गरि शैक्षिक संस्थालाई प्राप्त हुने सुत्रमा आधारित अनुदानलाई सम्झनु पर्दछ ।साथै यसले शैक्षिक संस्थाको समग्र पक्षको विकासका लागि प्रचलित कानुनको परिधिमा रहि शैक्षिक संस्था व्यवस्थापन समितिले अधावधिका आ-आफनो शैक्षिक संस्था सुधार योजनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी शैक्षिक संस्थालाई प्राप्त हुने अनुदान लाई समेत जनाउने छ ।

१.२.११ **“कार्यसम्पादन अनुदान”** भन्नाले शैक्षिक संस्थाले हासिल गरेको उपलब्धिको आधारमा शैक्षिक संस्थाको थप क्षमता अभिवृद्धि गर्न समेत आधारभूत अनुदान तथा एकमुष्ठ अनुदानका अतिरिक्त दिईने थप अनुदान लाई जनाउने छ।

१.२.१२ **“प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा संचालन गर्ने शैक्षिक संस्थालाई अनुदान”** भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गराउने सामुदायिक विधालयलाई दिने थप अनुदानलाई जनाउनेछ।

१.२.१३ **“ऐन”** भन्नाले शिक्षा ऐन,२०२८ (संशोधन सहित) तथा खडक नगरपालिकाको नगर शिक्षा ऐन २०७६ लाई जनाउनेछ ।

१.२.१४ **“नियमावली”** भन्नाले शिक्षा नियमावली २०४९(संशोधन सहित) लाई जनाउनेछ।

१.२.१५ **“स्थानीय शिक्षा नियमावली”** भन्नाले खडक नगरपालिकाको शिक्षा कार्यविधि २०७४ लाई जनाउनेछ।

१.२.१६ **“मन्त्रालय”** भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय लाई जनाउनेछ।

१.२.१७ **“नमुना शैक्षिक संस्था ”** भन्नाले नमुना विधालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट तथा व्यवस्थापन भएका शैक्षिक संस्था जनाउनेछ।

१.२.१८ **“केन्द्र”** भन्नाले शिक्षा तथा मानवश्रोत विकास केन्द्रलाई जनाउनेछ।

१.२.१९ **“स्थानीय श्रोत”** भन्नाले खडक नगरपालिकाको आन्तरिक श्रोत वा वडा स्तरबाट शैक्षिक संस्थालाई प्रदान गरिने विभिन्न अनुदानको श्रोतलाई जनाउने छ।

## परिच्छेद-२
## उदेश्य

(२) **उदेश्यः** यो कार्यविधि शैक्षिक संस्थालाई दिइने नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय तहबाट शैक्षिक संस्थालाई प्रदान गरिने सबै प्रकारका अनुदान लाई व्यवस्थित गर्न तथा शैक्षिक संस्थाहरूले आ-

खडक नगरपालिका स्थानीय राजपत्र

आफनो संस्थाको सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा शैक्षिक संस्थाहरूको व्यवस्थापन र सहयोग गर्ने साझेदारहरूको मार्गदर्शन हुनेछ । यो कार्यविधि जारी गर्नुका उदेश्यहरू देहाय बमोजिक छन्ः

२.१ उपलव्ध श्रोत र साधनको समुचित परिचालनमा शैक्षिक संस्था व्यवस्थापन समिति लाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाई गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्ने सघाउ पुर्याउनु ।

२.२ आ-आफना शैक्षिक संस्था स्तरीय सूचकका आधारमा शैक्षिक संस्थाको प्रगतिसँग आवद्ध गर्नु ।

२.३ अनुदान पद्धतिका माध्यमबाट शैक्षिक संस्थालाई सरोकारवालाहरूसँग सहकार्य गरी स्वःमूल्याङ्कन गर्न अभिप्ररित गर्नु ।

२.४ शैक्षिक संस्थामा प्राप्त गर्ने अनुदानलाई अनुमान योग्य र पारदर्शी बनाउनु ।

२.५ शैक्षिक संस्थामा हुने आर्थिक गतिविधि लाई पारदर्शी बनाई वित्तिय सुशासन कायम गर्नु ।

२.६ नगर क्षेत्र भित्र उच्च शिक्षा हासिल गर्ने अधिकार तयार गरी दक्ष जनशक्ति उत्पादन गराउन सहयोग गर्ने ।

## परिच्छेद-३
## अनुदानका प्रकार

**(३) सामुदायिक शैक्षिक संस्था अनुदान देहाय बमोजिम हुने छन् ।**

३.१ सर्सत अनुदानः स्वीकृत दरवन्दी कार्यरत शिक्षकहरू,राहत अनुदानमा कार्यरत सबै शिक्षकहरू,प्रारम्भिक वालविकास शिक्षकहरू शैक्षिक संस्थामा कार्यरत कर्मचारीहरूको तलब भता सर्सत अनुदानका रूपमा उपलव्ध हुने छ।यसका साथै निःशुल्क पाठ्यापुस्तक विभिन्न प्रकारका छात्रवृति शैक्षिक संस्था व्यवस्थापन अनुदान,प्रति विधार्थी लागतका आधारमा दिइने अनुदान तथा समय समयमा शैक्षिक संस्था भौतिक सुधार कार्यक्रमका लागि अनुदान उपलव्ध हुने छ।

३.२ एकमुष्ठ अनुदानःसामुदायिक शैक्षिक संस्थाहरूको सर्वपक्षीय विकासमा सघाउ पुर्याउन तथा शैक्षिक संस्था सुधार योजना कार्यान्वयनका लागि विर्धार्थी संख्या र कार्य सम्पादन सूचकका आधारमा शैक्षिक संस्थालाई आवश्यकता अनुसार एकमुष्ठ अनुदान उपलव्ध गराउन सकिने छ ।नगरपालिका वा वडाबाट कुनै पनि शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका वा प्रतिकक्षा र विषयगत शिक्षक अपुग भएका शैक्षिक संस्थालाई वार्षिक स्वीकृत बजेट बमोजिम वार्षिक एकमुष्ठ अनुदान उपलव्ध गराउन सकिने छ ।

३.२.१ प्राविधिक तथा व्यवसायिक धारका शिक्षा संचालन गर्ने शैक्षिक संस्थालाई अनुदानःकक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गर्ने सामुदायिक माध्यमिक शैक्षिक संस्थालाई कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कार्य सम्पादन गर्नका लागि वार्षिक स्वीकृत बजेट बमोजिम आवश्यकता अनुसार थप अनुदान उपलव्ध गराउन सकिने छ ।

३.२.२ नमुना शैक्षिक संस्था तथा नवप्रवर्तनात्मक कार्य संचालनका लागि अनुदानःनेपाल सरकार वा नगरपालिकाले नमुना शैक्षिक संस्था भनी निर्णय गरेका खण्डमा शैक्षिक संस्थालाई उक्त शैक्षिक संस्थाले पेस गरेका प्रस्तावका आधारमा स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिकामा भएको व्यवस्था तथा वार्षिक स्वीकृत बजेट बमोजिम अनुदान उपलव्ध गराइने छ ।शैक्षिक संस्थाहरूले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नवप्रवर्तनात्मक कार्य संचालनका गर्न पेश गरेका प्रस्तावनाका आधारमा वार्षिक स्वीकृत बजेट बमोजिम थप अनुदान रकम उपलव्ध गराउन सकिने छ ।

३.२.३ शिक्षण सहयोग अनुदानःतहगत रूपमा शुन्य वा एक मात्र दरवन्दी भएका शैक्षिक संस्थालाई नेपाल सरकार सर्सत अनुदानबाट आवश्यक शिक्षक व्यवस्थापन गर्न अपुग हुने भएमा नगरपालिकाबाट शिक्षक व्यवस्थापनका लागि वार्षिक स्वीकृत बजेट बमोजिम वार्षिक एकमुष्ठ अनुदान उपलव्ध गराउन सकिने छ ।यसका अतिरिक्त प्रति कक्षा एक शिक्षक नभएका शैक्षिक संस्थालाई शिक्षक व्यवस्थापन गर्न नगरपालिका वा वडा कार्यालयले वार्षिक स्वीकृत बजेट बमोजिम वार्षिक एकमुष्ठ अनुदान उपलव्ध गराउन सक्नेछ ।

३.२.४ सिकाइ सहजकर्ता व्यवस्थाका लागि अनुदानःशैक्षिक संस्थाले विशोष क्रियाकलाप (कम्प्युटर,खेलकुद,नृत्य,गायन,बाधबाधन,लगायत कार्यालयको निर्णयानुसार अन्य)सञ्चालन गर्न लागि पूर्णकालिन वा आंशिक सिकाइ सहजकर्ता व्यवस्था गर्न सक्ने छ ।यस किसिमका सहजकर्ताहरूका लागि नगरपालिका वा वडाले वार्षिक स्वीकृत बजेट बमोजिम अनुदान उपलव्ध गराउन सकिनेछ ।

३.२.५ मातृभाषा तथा लिपि सिकाउने शैक्षिक संस्था वा कक्षाका लागि अनुदानःकुनै पनि मातृभाषा र लिपि सिकाउन संचालित शैक्षिक संस्था वा कक्षा संचालनका लागि वार्षिक स्वीकृत बजेट बमोजिम वार्षिक वा मासिक अनुदान उपलव्ध गराउन सकिनेछ ।

३.२.६ कार्यसम्पादनमा आधारित अनुदानःशैक्षिक संस्थाले सम्पादन गरेको काम र हाँसिल गरेको उपलव्धिलाई थप प्रोत्साहित गरी गुणस्तरीय शिक्षाको प्रर्वधनका लागि वार्षिक स्वीकृत बजेट बमोजिम माथि उल्लेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलव्ध गराउन सकिनेछ ।शैक्षिक संस्थाको कार्यसम्पादन मापन तथा अनुदान प्राप्त गर्न शाखाले निर्धारण गरेका सूचकका आधारमा स्वःमुल्याङ्कन गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३.२.७ नगरपालिकाले कुनै शैक्षिक संस्थाको सम्पति,जग्गा,संरचना उपयोथ गरे वापत समझौता गरी निर्धारण भएको वार्षिक अनुदान सोझै उक्त संस्थाको खातामा प्रदान गर्नेछ ।उक्त रकमको उपयोग सम्बन्धित संस्थाको निर्णय बमोजिम हुन बाधा पर्नै छैन ।

३.३ उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागी अनुदानः नगरपालिका क्षेत्रमा सञ्चालन हुने गरी विश्वविधालयबाट सम्बन्धन प्राप्त गरेका गैह्र नाफामुलक सामुदायिक क्याम्पसलाई वार्षिक स्वीकृत बजेट बमोजिम सञ्चालन तथा व्यवस्थापन,ल्याव स्तरोन्नती गर्न तथा नयाँ सम्बन्धको लागि अनुदान प्रदान गर्न

सकिनेछ ।साथै उच्च शिक्षा अध्ययन गर्ने विधार्थीहरूका लागि यातायात सिपोर्ट अनुदान समेत उपलव्ध गराउन सक्नेछ ।साथै उच्च शिक्षा अध्ययन गर्ने क्याम्पस सञ्चालन अनुदान प्राप्त गर्नका लागि क्याम्पसले हरेक वर्षका लागि वार्षिक योजना तथा क्याम्पसको आयव्ययको वार्षिक प्रतिवेदन नगरपालिकामा अनिवार्य पेश गरेको हुनु पर्ने छ ।यस्तो अनुदान नगरपालिकाले सर्सत अनुदानका रूपमा निकासा दिनेछ ।आवश्यकता अनुसार क्यामपसको भौतिक सुविधा विस्तारका लागि नगरपालिकाले क्याम्पसलाई अनुदान दिन वा आफैले निर्माण वा खरिद सम्बन्धी कार्यसम्पादन गरी हस्तान्तरण गर्न समेत सक्नेछ।

३.४ प्राविधिक शिक्षालय सञ्चालन अनुदानःप्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट अनुमति लिई हुने गैह्र नाफामुलक प्राविधिक शिक्षालाई वार्षिक स्वीकृत बजेट बमोजिम सञ्चालन तथा व्यवस्थापन अनुदान उपलव्ध गराउन सकिने छ ।

३.५ शैक्षिक सहयोग साझेदारी अनुदानःपठन सँस्कृतिको विकास,व्यवसायिक तथा व्यावहारिक सिप तथा शिक्षकको पेशागत सहयोग कार्यक्रम सञ्चालन गर्ने गरी यस नगरपालिका भित्र संचालन हुने सामुदायिक पुस्तकालय,वाचनालय,सामुदायिक सिकाई केन्द्र जस्ता संस्थालाई निश्चित कार्यका लागि प्रस्तावनामा आधारित एकमुष्ठ वा पटके रूपमा साझेदारीमा आधारित प्रदान गर्न सकिनेछ ।

३.६सामुदायिक क्याम्पस तथा प्राविधिक शिक्षालय सञ्चलान तथा व्यवस्थापन अनुदानका नगर कार्यपालिकाको निर्णयानुसार आवश्यक व्यवस्था गर्न सकिने छ।

## परिच्छेद-४

## अनुदान प्राप्त गर्ने प्रक्रिया

(४).अनुदान प्राप्त गर्न पुरा गर्नु पर्ने अनिवार्य सर्तहरू देहाय बमोजिम रहेका छन् ।

४.१ सर्सत आधारभुत तथा एकमुष्ठ अनुदानःअनुदान प्राप्त गर्ने प्रयेक शैक्षिक संस्थाले देहायका कार्यहरू अनिवार्य रूपमा गर्नुपर्ने छ ।

क)शैक्षिक संस्था सुधार योजनाःप्रत्येक सामुदायिक शैक्षिक संस्थाले शैक्षिक संस्थाको शैक्षिक भौतिक,आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको आवधिक शैक्षिक संस्था सुधार योजना तयार गर्नु पर्ने छ।प्रत्येक वर्ष अधावधिक गरी शाखामा पेश गर्नुपर्ने छ ।

ख)लेखा परीक्षण तथा सामाजिक परीक्षणःप्रत्येक शैक्षिक संस्थाले आफ्नो हरेक वर्षको आर्थिक कारोबारको नियमित रूपमा लेखापरिक्षण एवम् शैक्षिक संस्थाको सम्पूर्ण वार्षिक क्रियाकलापहरूको सामाजिक परीक्षण तथा अन्तिम लेखा परीक्षण निर्धारित समयमा सम्पन्न गरी गराई प्रतिवेदन पेश गरेको हुनुपर्नेछ ।

ग)शैक्षिक संस्थाको वार्षिक कार्ययोजनाःशैक्षिक संस्था सुधार योजनाका आधारमा प्रत्येक शैक्षिक संस्थाले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नु पर्ने ।

खुर्कोट नगरपालिका स्थानीय राजपत्र

घ)प्रतिवेदन सम्प्रेष्ण:प्रत्येक शैक्षिक संस्थाले तोकिएका प्रतिवेदनहरू वार्षिक लेखापरिक्षण प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन चौमासिक प्रतिवेदनहरू तयार गरी नगरपालिका शिक्षा शाखा यूवा तथा खेलकुद शाखामा पेस गर्नुपर्ने छ ।

ङ)तथ्याङ्क व्यवस्थापन:प्रत्येक शैक्षिक संस्थाले हरेक शैक्षिक सत्रको सुरूमा IEMIS अधावधिक गरी तोकिएको समयावधी भित्र अनलाइन अपलोड गर्न अनिवार्य हुनेछ ।

४.२कार्यसम्पादनमा आधारित अनुदान:यस अनुदानका लागि शैक्षिक संस्थाले थप शिक्षक व्यवस्थापन गर्नुपर्नाको कारण सहित शिक्षक नियुक्ति सम्बन्धि कागजात सहित अनुदान माग गर्नु पर्ने छ ।

४.३ शिक्षण सहयोग अनुदान:यस अनुदानका लागि शैक्षिक संस्थाले थप शिक्षक व्यवस्थापन गर्नुपर्नाको कारण सहित नियुक्ति सम्बन्धी कागजात सहित अनुदान माग गर्नु पर्ने छ ।

४.४ विधार्थी संख्याका आधारमा प्रदान गरिने एकमुष्ठ अनुदान तथा नविप्रवर्तनात्मक कार्यका लागि उपलव्ध गराइएको अनुदानको उपलव्धी प्रतिवेदन अनिवार्य तोकिएको समयमा शैक्षिक संस्थाले शाखामा पेश गर्नु पर्नेछ ।

४.५ नगर क्षेत्र भित्र सञ्चालन हुनेगरी विश्व बिद्यालयबाट सम्बन्धन लिनुपर्ने शैक्षिक संस्थालाई नगरपालिकाले श्रोत निर्धारण गरी अनुदान दिनेछ । सो को खर्च सम्बन्धि अभिलेख सम्बन्धित क्याम्पसले नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५
## अनुदान माग र निकासा प्रक्रिया

५.१ अनुदान माग सम्वन्धि व्यवस्था:

क)शैक्षिक संस्थाहरूले नेपाल सरकार ससर्त अनुदान तर्फका शिक्षक,कर्मचारी तलब भता लगायत सम्पूर्ण अनुदान रकमहरू केन्द्रबाट प्रकाशित हुने सम्बन्धित आ.व.को कार्यक्रम पुस्तिकामा भएको व्यवस्था बमोजिमक कागजातहरू संलगन राखी कार्यालयले समयावधि भित्र शाखामा पेश गर्नु पर्ने छ ।

ख)नगरपालिकाको आन्तरिक श्रोतबाट शैक्षिक संस्थाले प्राप्त गर्ने अनुदानका लागि शैक्षिक संस्थाहरूले वडा कार्यालयबाट निर्धारित गरिएका कागजातहरू संलग्न राखी वडा कार्यालयमा पेश गर्नु पर्ने छ ।

५.२ अनुदान उपलव्ध गराउन सक्ने:

देहायका अवस्थामा स्थानीय तह तथा वडा कार्यालयले सामुदायिक शैक्षिक संस्थाहरूले वार्षिक एकमुष्ठ वा पटके अनुदान उपलव्ध गराउन सक्नेछन्

क)शिक्षण सहयोग अनुदान:शुन्य वा एक मात्र दरवन्दी भएका विधालयहरू,प्रति कक्षा एक शिक्षक अपुग भएका विधालयहरू,कक्षा ६ माथि विषयगत शिक्षक नभएका विधालयहरू,विधार्थी संख्या धेरै भई वा अंग्रजी माध्यमबाट छुट्टै थप कक्षा संचलान गरेका शैक्षिक संस्थाहरू कक्षा एक भन्दा मुनि पूर्व शैक्षिक संस्थाका रूपमा बालविकास कक्षा बाहेक थप कक्षा संचालन गरेका विधालयलाई नेपाल सरकार

व्यवस्थापनका लागि वार्षिक स्वीकृत बजेट बमोजिम वार्षिक एकमुष्ठ वा पटके रूपमा अनुदान उपलव्ध गराउन सक्नेछन् ।

ख)शिक्षण सहयोग अनुदान माग र खर्च सम्बन्धि प्रक्रिया:शिक्षण सहयोग अनुदान प्राप्त गरेका शैक्षिक संस्थाहरूले अनुदान प्रदान गर्ने निकायले तोके बमोजिमको शिक्षक,शैक्षिक संस्था व्यवस्थापन समिति मार्फत नियमानुसारका प्रक्रिया पुरा गरी नियुक्ती गरी सोको जानकारी अनुदान उपलव्ध गराउने निकायलाई दिनु पर्ने छ ।यस शिर्षकमा प्राप्त हुने अनुदान शिक्षकको तलबभता बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।यसरी नियुक्त हुने शिक्षकको सेवा,शर्त र सुविधाका सम्बन्धमा शैक्षिक संस्था व्यवस्थापन समितिले मापदण्ड बनाई लागु गर्न सक्नेछ ।शिक्षण सहयोग अनुदानको खर्च र उपलव्धीका सम्बन्धमा शैक्षिक संस्थाहरूले अनुदान प्रदान गर्ने निकायलाई वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ग) उच्च शिक्षा अनुदानः नगरपालिका क्षेत्र भित्र उच्च शिक्षा प्रदान गर्नै गरी सञ्चालन हुने क्याम्पसलाई नगर कार्यपालिकाको निर्णय बमोजिम अनुदान प्रदान गर्न सकिनेछ ।

५.३ प्रस्तावनामा आधारित अनुदानःशैक्षिक संस्थाहरूले सिकाइ वातावरण सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि रचनात्मक तथा नवप्रवर्तनात्मक कार्य गर्नका लागि शैक्षिक संस्थालाई नगरपालिका वा वडाले विषेश अनुदान प्रदान गर्न सक्नेछन् ।

क)प्रस्तावनामा आधारित अनुदान प्राप्त गर्नका लागि शैक्षिक संस्थाले गर्ने कार्यको सम्पूर्ण विवरण सहित लागत अनुमान संलग्न गरी नगरपालिका वा वडा कार्यालयमा प्रस्ताव पेश गर्नु पर्ने छ ।

ख)शैक्षिक संस्थाबाट प्राप्त प्रस्ताव वडामा भए वडा शिक्षा समिति र नगरपालिकामा भए नगर शिक्षा समितिले मूल्याङ्कन गरी कार्यक्रम तथा बजेट बमोजिम छनौट गरी प्रस्ताव स्वीकृत गर्ने छ ।

ग)शैक्षिक संस्थाको प्रस्ताव स्वीकृत भए पश्चात प्रस्तावनाको आधारमा शैक्षिक संस्थालाई बढीमा २ पटकमा विभाजन गरी शैक्षिक संस्थालाई अनुदान निकासा दिन सकिने छ।यसरी पटके अनुदान निर्धारण गर्दा सामान्यतया पहिलो किस्ता ३० प्रतिशत, र अन्तिम किस्ता कार्य सम्पादन आधारमा विल बमोजिमको रकम मुल्याङ्कन गरेर मात्र अनुदान दिन सकिने छ ।

घ)प्रस्तावनका आधारमा अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले निर्धारित समय भित्र कार्य सम्पादन भए पश्चात शैक्षिक संस्थाले अनिवार्य रूपमा शैक्षिक संस्था व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम प्रतिवेदन अनुदान दिने निकायलाई अनिवार्य पेश गर्नु पर्ने छ ।

ङ)प्रस्तावनाका आधारमा अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाहरूले तोकिएको अवधिमा समझौता बमोजिमको कार्य सम्पादन गरी प्रतिवेदन पेश गर्न नसकेमा उक्त शैक्षिक संस्थालाई यस किसिमको अनुदान २ वर्षसम्म प्रदान गरिने छैन ।

च)नगरपालिकाको वार्षिक स्वीकृत बजेटमा अनुदान सम्बन्धी व्यवस्थापन नभएमा कुनै पनि किसिमको अनुदान उपलव्ध गराउन सकिने छैन ।

छ)कुनै शैक्षिक संस्थालाई अनुदान दिने वा नदिने सम्बन्धी अन्तिम निर्णय नगर कार्यपालिकामा निहित रहनेछ ।

ज)कुनै शैक्षिक संस्थलाई अनुदान प्राप्तिका लागि अन्य निकाय सँग समन्वय गरी अनुदान उपलव्ध गराउन पहल गरिने छ ।

## परिच्छेद-६

## शैक्षिक संस्था भौतिक व्यवस्थापन अनुदान

(६).विधालय भौतिक निर्माण तथा सुधार अनुदानः

६.१ वित्तीय हस्तान्तरण भै आउने ससर्त अनुदानःनेपाल सरकार ससर्त अनुदान,राष्टप्रति शैक्षिक सुधार कार्यक्रम लगायत संघीय सरकार तथा प्रदेश सरकार तथा प्रदेश सरकार बाट प्राप्त हुने बिद्यालय भौतिक निर्माण तथा सुधार अनुदानबाट प्राप्त हुने रकम सम्बन्धित निकाय तथा कार्यक्रमको कार्यान्वयन योजनामा उल्लेख भए बमोजिम कार्य सम्पादन गर्ने गरी बिद्यालयलाई अनुदान निकासा दिइने छ ।

६.२ नगरपालिका आन्तरिक श्रोत अनुदानःशैक्षिक संस्थाको भौतिक निर्माण तथा मर्मत सम्भारका लागि नगरपालिका वा वडा कार्यालयले शैक्षिक संस्थालाई वार्षिक स्वीकृत बजेट बमोजिम अनुदान उपलव्ध गराउने सक्नेछ ।

क) शैक्षिक संस्थाका सम्पूर्ण भौतिक निर्माण तथा मर्मत नगरपालिकाबाट प्रत्येक वडामा खटाइएका प्राविधिकहरूको प्रत्यक्ष निर्देशन र निगरानीमा संचालन गर्नुपर्नेछ ।

६.३ अनुदान निकासा प्रक्रियाः शैक्षिक संस्थाहरूको भौतिक निर्माण कार्यका लागि भएको समझौता बमोजिमको रकम ससर्त अनुदान भए सो को कार्यान्वयनका लागि निर्धारित मापदण्ड बमोजिम तथा नगरपालिका वा वडा कार्यक्रम भए निर्माणको समझौता भए पश्चात पहिलो किस्ता कुल रकमको २० प्रतिशत शैक्षिक संस्थाको खातामा पेश्कीको रूपमा निकासा दिन सकिने छ ।सो पश्चात कुल रकम कार्य सम्पादनको अवस्था एंवम् प्राविधिकहरूको मूल्याङ्गकन तथा विल बमोजिमको रकम कार्य सम्पन्न प्राविधिक प्रतिवेदन पेश भए पश्चात निकासा दिन सकिने छ ।

६.४ तोकिएको समय सिमा भित्र निर्माण सम्पन्न गर्नु पर्ने शैक्षिक संस्थाले समझौतामा निर्धारित समयावधि भित्र निर्माणको सम्पूर्ण कार्य सम्पन्न गरी,तोकिएको समयमा अन्तिम प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्ने छ ।कुनै शैक्षिक संस्थाले तोकिएको समयमा कार्य सम्पादन गर्न नसकेमा र तोकिएको समयमा कार्य सम्पादन हुन नसक्नुको उचित र पर्याप्त कारण पेश गर्न नसकी भुक्तानी हुन नसकेमा उक्त शैक्षिक संस्था स्वयम् जिम्मेवारी र जवाफदेही हुनेछ ।

## परिच्छेद-७

## जिन्सी व्यवस्थापन तथा खरिद

(७).सामाग्री व्यवस्थापन अनुदानः

७.१ शैक्षिक संस्थाका लागि आवश्यक पर्ने विभिन्न जिन्सी साम्रागी व्यवस्थापनका लागि शैक्षिक संस्थाको आवश्यक्ता र मागका आधारमा ससर्त अनुदानबाट प्राप्त हुने कार्यक्रमका अतिरिक्त नगरपालिका वा वडा कार्यालयले सामाग्री व्यवस्थापन अनुदान उपलव्ध गराउन सक्नेछन् ।

७.२ शैक्षिक संस्थाले प्राप्त गर्ने कुनै पनि किसिमको सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन,नियमावलीमा भएको व्यवस्थाको पूर्णरूपमा पालन गर्नुपर्ने छ ।शैक्षिक संस्थाको खरिद कार्यको मुख्य दायित्व शैक्षिक संस्था व्यवस्थापन समितिको हुने हुँदा खरिद सम्बन्धी सम्पूर्ण प्रक्रियाको व्यवस्थापन समितिबाट निर्णय गराउन अनिवार्य हुने छ ।

७.३ शैक्षिक संस्थाले खरिद गरिएको साम्रागीको नियमानुसार जिन्सी दाखिला गरी प्रतिवेदन सहित शाखामा पेश गर्नु पर्ने छ ।

७.४ शैक्षिक संस्थालाई सामाग्री व्यवस्थापनका लागि दिइएको अनुदान खरिद प्रक्रियाको कागजात सहित विल भरपाईको प्रतिलिपी प्रमाणित गरी कार्यालयमा पेश गर्नुपर्ने छ ।

७.५ सामान्यतया खरिदका लागि उपलव्ध गराइएको रकम सार्वजनिक खरिद ऐन नियम बमोजिम खरिदको कार्य सम्पादन गरी जिन्सी दाखिला सहित विल भरपाई पेश गरे पश्चात मात्र निकासा दिइने छ ।तर ठुलो रकमको खरिद कार्य गर्नु पर्ने वा शैक्षिक संस्थालाई खरिद कार्य गर्ने आर्थिक समस्या भएमा शैक्षिक संस्थाको माग बमोजिम कार्यालयको निर्णयानुसार कूल रकमको २० प्रतिशत सम्म पेश्की दिन सकिने छ ।

७.६ शैक्षिक संस्थाको जिन्सी सामाग्री व्यवस्थापनका लागि नगरपालिकाबाट उपलव्ध हुने अनुदानबाट शैक्षिक संस्थाको माग बमोजिमको सामाग्री नियमानुसार खरिद गरी नगरपालिकाले शैक्षिक संस्थालाई हस्तान्तरण गर्न समेत सक्नेछ ।

७.७ सामुदायिक क्याम्पस तथा प्राविधिक शिक्षालयलाई नगरपालिकाबाट उपलव्ध हुने जिन्सी सामाग्री अनुदानबाट क्याम्पस वा प्राविधिक शिक्षालयको माग बमोजिमको सामाग्री नगरपालिकाले नियमानुसार खरिद गरी हस्तान्तरण गर्न समेत सक्नेछ ।

## परिच्छेद-८

## विविध

८. बचाउ तथा लागु नहुने

८.१ प्रचलित नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय तहका ऐन,नियमावलीहरू सँग यस निर्देशिकाका कुनै बुँदा बाझिएमा बाझिएको हदसम्म स्वत निस्कृय हुनेछन् ।

८.२ यस नगरपालिका द्वारा यस अघि दिइएको शैक्षिक संस्था अनुदान यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

८.३ यो कार्यवधिमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

आज्ञाले

.......................

दिपेश कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

खडक नगरपालिका स्थानीय राजपत्र